**जानकी गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः १ | संख्याः ४६ | प्रमाणिकरण : २०८३।०१।१५

प्रकाशन : २०८३।०२।०८

## भाग-२

## जानकी गाउँपालिकाको विपद राहत वितरण सम्बन्धी कार्यविधि - २०८२

**१)प्रस्तावना**

प्राकृतिक र गैर प्रकृतिक प्रकोपहरु विपदको रुपमा परिवर्तन भई आपतकालिन अवस्था आउने गरेको र जीव धनको छति भईरहेको हुँदा सर्बसाधारण गाउँपालिका वासीहरु तथा उनिहरुका परिवारलाई वितरण गर्ने राहतमा एकरुप्ता कायम गर्न साथै राहत वापत वितरण एवँ सहयोगलाई पारदर्शी,सरल एवं विश्वसनिय बनाउने उद्धेश्यले स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा -१०२को उपदफा (२) बमोजिम विपद जोखिम नियुनिकरण तथा व्यवस्थापन ऐन,२०७८ को दफा -१८ ले दिएको अधिकार प्रयोग गरी जानकी गउँपालिका बाँकेले यो कार्यविधी बनाई जारी गरेको छ।

परिच्छेद -१

प्रारम्भिक

**<u>२) संक्षिप्त नाम र प्रारम्भ :</u>**

१.यस कार्यविधिको नाम विपद् ,राहत वितरण सम्बन्धी कार्यविधि,२०८२ रहेको छ ।

यो कार्यविधि कार्यपालिका बैठकवाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुने छ ।

**<u>३.परिभाषा र व्याख्या</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) अध्यक्ष भन्नाले जानकी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

ख) उपाध्यक्ष भन्नाले जानकी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

ग) प्रमुख प्रशासकिय अधिकृत भन्नाले जानकी गाउँपालिकाको बाँकेको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ।

घ) गैर प्राकृतिक विपद् भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्लेग रोग सर्पदंश, जनावर आतंक, खानी, हवाई, सडक, जल वा औधोगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य, सेवन वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्दछ ।

(ड) प्राकृतिक विपद' भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू स्खलन, डुवान, खडेरी, आँधी, हुरी बतास, शित लहर, तातो हावाको लहर, चटयाङ्ग, भुकम्प, ज्वालामुखी विष्फोट, वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ।

(च) विपद् भन्नाले कुनै स्थानमा आपतकालिन अवस्था सिर्जना भई जनधनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकुल असर पार्ने प्राकृतिक वा गैर प्राकृतिक विषद् सम्झनु पर्छ ।

(छ) 'राहत' भन्नाले विपद्को समयमा वा विपद् वाट प्रभावित हुन सक्ने अवस्थामा जीवन सुरक्षा गर्न, जीउ धनमाथि असर कम गर्न, मानवीय पीडा कम गर्न, र मानवीय आत्मसम्मान सुनिश्चित गर्न प्रदान गरिने नगद र जिन्सी व अन्य वस्तुगत सहयोगलाई जनाउन्छ ।

(ज) "विपद् जोखिम न्युनीकरण" भन्नाले विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मुल्याङ्कन, विपद् रोकथाम वा विपद् बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

(झ) विपद् व्यवस्थापन' भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभ सँग सम्वन्धीत सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ ।

(ञ) "विपद् कोष"भन्नाले विपद् व्यवस्थापन कोषलाई सम्झनु पर्छ साथै यो शब्दले प्रकोप व्यवस्थापन समितिलाई बुझाउँछ ।

(ट) समिति' भन्नाले गाउँ विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ठ) विषयगत क्षेत्र भन्नाले जानकी गाउँपालिका बाँकेको विभिन्न विषयमा पूर्वतयारी तथा प्रतिकार्य गर्ने समुह वा कार्य टोलीलाई सम्झनु पर्छ ।

## परिच्छेद -२
## कोषको व्यवस्थापन

**४. यस कार्यविधि बमोजिम विपद् पिडितलाई राहत प्रदान गर्नु पर्नेः** विपद् पिडितलाई राहत प्रदान गर्दा यस कार्यविधि वमोजिम गर्नुपर्ने छ।

**५. कोषवाट व्यहोरिने**

यस कार्यविधि बमोजिम उपलब्ध गराइने राहत सहयोग विपद् व्यवस्थापन कोषवाट व्यहोरिने छ।

## परिच्छेद ३
## राहत व्यवस्थापन तथा वितरण समिति

**६ राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको गठनः**

जानकी गाउँपालिका क्षेत्र भित्र प्राकृतिक एवं गैर प्राकृतिक विपद् मा परेका गाउँपालिकावासी वा उनीहरुका परिवारलाई राहत वितरण गर्न देहाय बमोजिम राहत वितरण समिति रहनेछ ।

**तपसिल**

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) वन बातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक | सदस्य |
| (ङ) पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| (च) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (छ) जिन्सी शाखा प्रमुख | सदस्य |
| (ज) ने.रे.सो.स्थानिय शाखा प्रमुख | सदस्य |
| (झ) वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख | सदस्य सचिव |

**७. राहत व्यवस्थापन तथा बितरण समन्वय समितिको काम कर्तव्य र अधिकार**

१. राहत वितरणको लागि स्थानीय तह प्रकोप कोष तथा विपद् व्यवस्थापन कोषमा आवश्यक रकम जम्मा गर्ने ।

२. विपद बाट प्रभावित भएका परिवार तथा व्यक्तिको विवरण संकलन गर्न निर्देशन दिने ।

३. राहत वितरण गर्दा प्राथमिकताको आधारमा राहत वितरण गर्न लगाउने ।

४ राहत वितरण कार्य गाउँपालिका स्तरीय वातावरण तथा विपद् व्यवस्थापन शाखाको समन्वयमा एकद्वार प्रणाली मार्फत गर्न गराउने ।

५. विषयगत क्षेत्रलाई विषयगत क्षेत्रको राहत सामाग्रीको सूची तयार गर्न लगाइ सो अनुसार मात्र राहत वितरण गर्न लगाउने ।

६. राहत वितरण कार्यको अनुगमन तथा मुल्याङ्कन गर्ने ।

७. जिल्ला विपद व्यवस्थापन समितिसँग छलफल गरि विपद व्यवस्थापन शाखा मार्फत राहत रकम प्रभावितहरुको लागि उपलब्ध गराउने ।

## परिच्छेद ४
## विपद् व्यवस्थापनको लागि राहत वितरण

**८.राहत वितरणः**

विपद् बाट क्षति भएका देहाय बमोजिमको क्षतिको लागि वातावरण तथा विपद् व्यवस्थापन समिति वा वातावरण तथा विपद् व्यवस्थापन शाखा मार्फत प्राप्त भएका स्थलगत अनुगमन मूल्यांकन प्रतिवेदन र वडा कार्यालयको सिफारिसका आधारमा विपद् व्यवस्थापन तथा वितरण समन्वय समितिको निर्णय बमोजिम तपसिल अनुसार राहत सहयोग उपलब्ध गराइने छ ।

(क) विपद् घटनामा परि कुनै व्यक्तिको मृत्यू भएको रहेछ भने मृतकका परिवारलाई राहत स्वरुप प्रति मृतक रु.२५,०००।- (पच्चीस हजार)

(ख) विपदमा परि कुनै व्यक्ति बेपत्ता भई खोजीकार्य गर्दा घट्ना भएको नब्बे दिन सम्म फेला नपरेमा वड़ा कार्यालयको सिफारिस र प्रहरी प्रतिवेदनको आधारमा एकाघरको नजिकको हकवालालाई रु.२५,०००।- (पच्चीस हजार)

(ग) कुनै पनि विपद्को घटनामा परि कुनै व्यक्तिको घर खाद्यान्न र लत्ता कपडा समेत पूर्ण वा आंशिक रुपमा क्षति भएमा त्यस्तो परिवारलाई तत्कालिन राहतका लागि नगद रु.५,०००।- (पाँच हजार वा सो बरावरको खाद्य वा गैर खाद्य समाग्री उपलब्ध गराउनेछ साथै पूर्ण रुपमा क्षति भएको सन्दर्भमा थप राहतको हकमा समितिको निर्णय अनुसार हुनेछ ।

(घ) विपद् बाट घर वहालमा बसेको भएमा वा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाको लागि प्रति परिवार नगद रु.१०,०००।- (दश हजार) सम्म वा सो बराबरको जिन्सी (खाद्य वा गैर खाद्य सामाग्री) सामान राहत उपलब्ध गराइने छ।

(ङ) कुनै प्रकोपका घटनामा परी घाइते भएका विरामीलाई उपचारका लागि भेरी अस्पताल या नजिकको स्वास्थ्य केन्द्रमा लैजानु पर्ने घाइते गरिब असहाय वा आर्थिक अवस्था कमजोर रहेछ भने त्यस्तो घाइतेलाई अस्पताल लैजाँदाको यातायात खर्च वाफत रु १००० (एक

हजार) सम्म भुक्तानी गरिने छ ।वा गाउँपालिकाको एम्बुलेन्समा निशुल्क सेवा उपलब्ध गराईन्छ।

(च) विपद् बाट घाइते भएको कुनै व्यक्तिलाई अस्पतालमा भर्ना भई उपचार गराउनु परेमा त्यस्तो घाइते गरिव, असहाय वा आर्थिक अवस्था कमजोर भएमा उपचार खर्च बापत एक पटकका लागि बढीमा रु.५,०००।- (पाँच हजार सम्म खर्च उपलब्ध गराइने छ ।

(छ) विपद् बाट घरको क्षति भएमा घरको क्षतिको अवस्था हेरी पूर्ण रु.१५,०००रु.आंशिक रु.८००० र सामान्य रु.५००० सम्म नगद वा जिन्सी राहत सहायता उपलब्ध गराइने छ।

(ज) माथि जुन सुकै कुरा लेखिएको भएता पनि हवाहुरी तथा चटयांगबाट घरको छानो वा अन्य क्षति भएमा रु.५,०००।- (पाँच हजार) सम्म राहत उपलब्ध गराउने र सो को लागि बडाले सिफारिस गरे अनुसार हुनेछ।

(झ) कुनै पनि विपद्को घटनामा परि कुनै व्यक्तिको खेतमा लगाएको अन्न वाली पुर्णरुपमा क्षति भएमा प्रतिकट्टा १००० (अक्षेररुपी एक हजार मात्र) सम्म नगद वा जिन्सी राहत सहायता उपलब्ध गराइने छ ।

(ञ) विपद्को घटनामा परि कुनै परिवारका सबै व्यक्तिको मृत्यु भएमा निजको नजिको नातेदार वा संरक्षकलाई किरिया वापत रु २५०००उपलब्ध गराउने।

(ट) यसरी रकम उपलब्ध गराउँदा सम्बन्धित पीडित वा निजको नजिकको निवेदक, वडाको सिफारिस, प्रहरीको मुचुल्काको आधारमा उपलब्ध गराइने छ ।

(ठ) माथि जुनसुकै कुरा लेखिएता पनि प्रदेश सरकार, संघिय सरकार वा कुनै दातृ संघ संस्थाबाट राहत प्राप्त गरेमा जानकी गाउँपालिका (स्थानिय तह) राहत वितरण गर्न बाध्य हुने छैन ।

(ड) प्राकृतिक प्रकोप तथा मानविय कारणवाट पशु चौपाया तथा गोठको क्षति भएमा देहाय बमोजिम सहयोग गरिनेछ ।

| क स | विवरण | राहत |
|---|---|---|
| १ | गाई, गोरु घोडा,गदहा,रागाँ, भैसी प्रति गोटा मृत्यु भएमा | रु ५०००। |
| २ | बोका, वाखा, भेडा, बंगुर,बच्छा,बाच्छी प्रति गोटा मृत्यु भएमा | रु ३०००। |
| ३ | माछा पोखरी ५०८ वर्ग मिटर वा सो भन्दा माथी | रु ५०००। |

(ढ) माथी जुनसुकै कुरा लेखिएता भए पनि कृषि तथा पशुपंछी फर्म जानकी गाउँपालिका मानपुर बाँकेको कृषि तथा पशुपन्छी विकास शाखामा दर्ता भएको हुनुपर्ने छ ।

**९. दीर्घकालिन राहत एवं व्यवस्थापन**

(क) प्रकोप कारण बसोबास गरी रहेको स्थानमा वसोवास गराउँदा थप जोखिम हुने अवस्था रहेमा त्यस्तो पीडित परिवारलाई सुरक्षित स्थानमा राखी बसोबास गराउनु पर्ने अवस्था भएमा बसोवास गराईने स्थान परिवार संख्या, आवश्यक सामाग्री र सोका लागि आवश्यक पर्ने बजेटको समेत अनुमान गरी

स्थानीय विपद् व्यवस्थापन समितिले संघिय सरकार, प्रदेश सरकार,गैसस र निजी समेत साझेदारीको खाका सहित कार्यपालिकामा सिफारिस गर्नु पर्नेछ ।

(ख) बिषय विशेषज्ञ,समिति र कर्मचारीलाई माथि उल्लेख भए बमोजिम राहत वितरणको प्रयाप्त बजेटको कोषमा गाउँपालिकाले बजेट छुट्टयाए अन्य निकाय गैससवाट र नीजीक्षेत्रवाट कोषमा गाउँपालिकाले बजेट छुट्टायई अन्य निकाय गैससवाट र निजीस्रोतवाट पनि कोषमा योगदानको भूमिका बनाउन सक्नेछ ।

**१०. राहतका लागि पेश गर्नु पर्ने कागजातहरु :**

यस कार्यविधि बमोजिम राहत सहयोगको लागि पीडितले अनुसूची १ वमोजिमको ढाँचामा निवेदन गर्नु पर्ने छ ।

क) विपद् मा परि मृत्यु भएका व्यक्तिको परिवारलाई राहत उपलब्ध गराउन आवश्यक कागजातहरु

- मृतकको सव भन्दा नजिकको हकदारको निवेदन ।
- सम्वन्धित वडा कार्यालयको सिफारिस ।
- घटनाको स्थलगत प्रहरी सर्जमिन मुचुल्का पत्र ।
- लास सत्तगत पुर्जिको प्रतिलिपि ।
- मृतकको सव भन्दा नजिकको हकदारको नाता प्रमाणित ।
- मृतकको नागरिक्ता प्रमाणपत्र वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- हकवाला निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- निवेदकको बैंक खातामा चेकको फोटो कपी एक थान ।

**११.आपतकालीन आश्रय स्थल गैर खाध र खाध सामाग्री**

१ घरमुलीको ५जनाको परिवारलाई आधार मानेर निम्नानुसारको राहत सामाग्री उपलब्ध गराइने छ।

| **क) सामग्री नाम गैर खाध सामग्री** | **ईकाई** | **जम्मा** |
|---|---|---|
| त्रिपाल | थान | १ |
| कम्बल | थान | १ |
| झुल | थान | २ |
| झोला | थान | १ |
| कपडा | थान | आवश्यक्ता अनुसार |

| ख) सामग्री नाम   खाध सामग्री | ईकाई | जम्मा |
|---|---|---|
| चावल | किलो | २५ |
| दाल | किलो | २ |
| तेल | लिटर | १ |
| नुन | किलो | १ |
| च्युरा वा भुजा | किलो | १ |
| आलु | किलो | ५ |

**१२.राहतको तयारी, व्यवस्थापन तथा विवरण सम्बन्धी प्रक्रिया**

१ स्थानीय वडाअध्यक्ष वा सदस्यले लाभग्राहीहरुलाई सूचीकरण गरि वडा स्तरिय विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम राहत वितरण गर्ने व्यवस्था मिलाउनेछ । विपद्को अवस्था अनुसार राहत प्राप्त गर्ने व्यक्तीको विवरण तत्कालन संकलन गरिनेछ । तत्कालीन अवस्थामा राहत प्राप्त गर्न योग्य व्यक्तिको सूची एक दिनमा नै तयार गर्नुपर्ने छ ।

२ स्थानीय वडाअध्यक्ष वा सदस्यले संकलन गरेको विवरणलाई वडा स्तरीय विपद् व्यवस्थापन समितिले पुनरावलोकन गरी राहत प्राप्त गर्नु नपर्ने परिवारलाई हटाइ छुटेका परिवारलाई पारदर्शी रुपमा समावेश गर्नेछ । यसका लागि विपद्को प्रभावको आधारमा बडाले प्रारम्भीक राहतको लागि एकदिन दिन पुनरावलोकन गर्नु पर्नेछ । यद्यपि जीवन सुरक्षा गर्ने सम्बन्धी राहत कार्य अन्तिम सुची आइनपुग्दै पनि गरिनेछ ।

३ वडास्तरिय विपद् व्यवस्थापन समितिले पाएको राहत प्राप्त गर्ने विवरणलाई पालिकास्तरिय राहत व्यवस्थापन तथा वितरण समन्वय समितिले पुनरावलोकन गर्न सक्नेछ ।

४ मानवीय क्षती आश्रम स्थलको क्षती अनुसार प्रदान गरिने भनिएको राहत रकम गाउँपालिका स्तरिय राहत व्यवस्थापन तथा वितरण समन्वय समिति मार्फत गरिनेछ ।

**१३. राहत वितरण प्राथमिकताः**

राहत वितरण गर्दा पीडित मध्ये महिला,बालबालिका,जेष्ठ नागरिक,दीर्घ रोगी,अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

**१४. बितरणको समय सिमा :**

यस कार्यविधि बमोजिम राहत सहयोग उपलब्ध गराउँदा घटना भई निवेदन दर्ता भए पश्चात तत्काल अनुगमनको व्यवस्या मिलाई राहत सहयोग उपलब्ध गराइनेछ।

**१५. यस कार्यविधि बमोजिम राहत बितरण गर्दा प्राकृतिक तथा गैरप्राकृतिक विषद् बाट प्रभावितहरुलाई सहयोग उपलब्ध गराइनेछ ।**

## परिच्छेद-५
## विविध

**१६. विपद् पिडितलाई पुनः स्थापना तथा पुन निर्माण**

विपदबाट क्षति भएका घर टहरा निर्माणका लागि प्रचलित नीति तथा कानुन बमोजिम जिल्ला बन कार्यालय एवं स्थानीय वन उपभोक्ता समिति मार्फत सहुलियत दरमा काठ उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

**१७. राहत बितरणमा समन्वय गर्नु पर्नेः**

दातृ निकाय मानवीय सहायता संस्था या कुनै प्रकृतिको गैह सरकारी संस्थाले राहत वितरण गर्दा राहत वितरण योजना जानकी गाउँपालिकामा पेश गर्नुपर्ने छ ।

**१८. विवरण पेश गर्नु पर्ने :**

यस कार्यविधि बमोजिम राहत वितरण व्यवस्थापन समितिको निर्णयबाट वितरण भएको विवरण गाउँ कार्यपालिका बैठकमा प्रत्येक चौमासिक र वार्षिक रुपमा गाउँ सभामा अनुसूची २ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ ।

**१९. बाधा अडकाउ फुकाउने अधिकार :**

यस कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अंडकाउ हटाउने छ।

**२०. खारेजी र बचाउ**

(क) राहत सहयोग सम्बन्धी यस पूर्व गाउँ कार्यपालिकाले गरेका निर्णयहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

(ख) यस कार्यविधि निर्माण हुनु अगाडी यस कार्यालयमा निवदेन परी राहत वितरण गर्न बाँकी प्रभावितलाई समेत राहत वितरण गर्न सकिनेछ ।

(ग) यस कार्यविधि नेपालको संविधान र अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत

(दफा ८ सँग सम्बन्धीत)

अनुसूची -१

**राहत माग गर्ने निवेदनको ढाँचा**

श्रीमान वडा अध्यक्ष ज्यू

………………..वडा कार्यालय

विषयः राहत सहयोग सम्बन्धमा ।

सेवामा निवेदन यो छ कि मिति………………गतेका दिन जानकी गाउँपालिका वडा न……..टोल……………मा भएको विपद्का सम्बन्धमा **विपद् राहत वितरण सम्बन्धी कार्यविधी,२०८२**बमोजिम राहत सहयोग पाउँ भनी देहायको विवरण सहित यो निवेदन पेश गरेको छु/छौं।

१. विपद्को घटना…………………………………………………………………

२. घाइते / मृतकको नाम…………………………………………………………

३. घाइते मृतकको नागरिकताको प्रमाणपत्र न………………..र जारी मिति…………..

४. बाबुको नामः………………………………………………………………….

२. आमाको नामः…………………………………………………………………

६. अनुमानित क्षतिको विवरण (परिमाण र मुल्य सहित)………………………………

७. मृतकको हकमा हकवालाको नागरिकताको प्रमाणपत्र र नाता प्रमाणित पत्र (संलग्न गर्ने)

८. प्रहरी मुचुल्का ।

९. घटनासँग सम्बन्धित तस्वीर (संलग्न गर्ने)

(दफा ८ सँग सम्बन्धीत)

अनुसूची -२

**चौमासिक राहत बितरण बिवरण ढाँचा**

मिति.............................. देखि .......................................सम्मको

विवरणहरु:-

| क्र स | विपद विवरण | वडा न | सँख्या | राहत प्रदान गरिएको रकम (जिन्सी भए खुलाउने) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |